# लिखु तामाकोशी गाउँपालिकाको

# आ.व. २०७८/०७९

# वार्षिक नीति तथा कार्यक्रम

## गाउँ कार्यपालिकाको कार्यालय
## धोबी बजार, रामेछाप
## बागमती प्रदेश
## १० आषाढ, २०७८

**आगामी आ.व.२०७८।०७९ मा देहाय बमोजिमका नीति तथा कार्यक्रम संञ्चालन गरिनेछ ।**

## आर्थिक विकास

- आर्थिक विकास र समृद्धि गाउँपालिकाको मूख्य उद्देश्य रहेकाले गाउँपालिका भित्रका सम्पूर्ण योजना तथा कार्यक्रमलाई सोही दिशामा अघि बढाइनेछ ।
- रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट बजेट विनियोजन गरी स्थानीय पूर्वाधार विकाससगैं रोजगारीका माध्यमबाट आय आर्जनमा वृद्धि गराइनेछ । गाउँपालिकाको समग्र विकासको लक्ष्य प्राप्तिको योजना तर्जुमाका लागि आवधिक योजना निर्माण गरिनेछ र सोही बमोजिम आर्थिक एवम् अन्य क्रियाकलाप सञ्चालन गरिनेछ ।

## (क) कृषि तथा पशुपंक्षी विकास

- **कृषिमा उन्नति :लिखु तामाकोशी गाउँपालिका बासीको समुन्नति** भन्ने नारामा आधारित रही लिखु तामाकोशी गाउँपालिकाले कृषि क्षेत्रलाई व्यावसायिक, आत्मनिर्भर तथा प्रमुख आय स्रोतको रूपमा विकास गर्ने गरी मुख्य प्राथमिकतामा राख्ने नीति लिइनेछ ।
- दिगो कृषि प्रणालीलाई प्रवर्द्धन गर्न ५ वर्षे रणनीतिक योजना तयार गरिनेछ ।
- हरित खाद्य (Food Green) लाई बढावा दिन घरको निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्दा कम्तिमा पनि दुईवटा फलदिने रुख रोपेको हुनु पर्ने व्यवस्थालाई लागू गरिनेछ ।
- कृषि तथा सिंचाई क्षेत्रको समग्र विकासका लागि कृषि सहकारी सञ्जाल निर्माण, अर्गानिक कृषि उत्पादन, बिउ बिजन, किट वितरण तथा सतह सिँचाई (कुलो, प्लास्टिक पोखरी, स्प्रिङ्कल सिंचाइ, थोपा सिंचाइ)को प्रबर्द्धन गर्नका लागि कृषितथा सिंचाई कार्यालय लगायत अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी कृषक समूहहरूलाई प्रोत्साहित गरिनेछ ।
- कृषकहरूको मागको आधारमा बेमौसमी तरकारी खेती तथा व्यावसायिक खेती प्रणालीलाई अवलम्बन गर्दै लगिनेछ ।
- लिखु तामाकोशी गाउँपालिकाको विकट क्षेत्रका कृषकहरूलाई प्राथमिकतामा राखी आवश्यकता अनुसारको कृषि औजार तथा बीउविजनहरू उपलब्ध गराउने नीति लिइनेछ ।
- पशु बीमा र कृषि बीमालाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहजीकरण गरिनेछ ।
- कृषि सहकारीहरूलाई उल्लेखनीय कार्यहरू गर्न गराउनका लागि प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकामा उत्पादित दुग्ध पदार्थ, खाद्यपदार्थ, तरकारी फलफूल लगायत नगदे बाली उत्पादनहरूको बजारमा निकासी गर्न पहुँच वृद्धि गर्दै आन्तरिक बजार विस्तारका लागि जोड दिइनेछ । साथै उत्पादित कृषिजन्य वस्तुहरूलाई भण्डारणको व्यवस्था गर्न पहल गरिनेछ ।
- दुध, मासु र माछाको उत्पादनमा जोड दिदै पशुपालनका लागि घाँसे खेती कार्यक्रम प्रवर्द्धन गरिनेछ । पशुपंछी पालन तथा कृषिलाई व्यवसायीकरण गर्न चाहने युवा किसानहरूलाई ज्ञान, सीप, प्रविधि र लजिस्टिक सपोर्ट प्रदान गरिनेछ ।

**"कृषि, पर्यटन,रोजगार, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा उन्नतीः लिखु तामाकोशी गाउँपालिकाको सम्मुनती"**

- खाद्य तथा नगदे बाली (कोदो खेती, धान खेती, मकै खेती, फापर खेती, आलु, ओखर, टिमुर) प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- विदेश पलायन भएका युवालाई कृषिमा आकर्षित गरी रोजगारीको अवसर सिर्जना गर्दै स्वरोजगार तथा आत्मनिर्भर बनाउन कृषिमा यान्त्रीकीकरण आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकाको उपयुक्त स्थानमा पशु स्वास्थ्य चौकी स्थापनाका लागि पहल गरिनेछ ।
- सम्बन्धित निकायकमा दर्ता भई गाउँपालिकामा सूचीकृत हुने कृषि फर्म,कृषक समूह अन्तर्गत पशु पंछी व्यवसाय सञ्चालन गरी आएका कृषकहरूलाई ७५ प्रतिशत अनुदानमा पशु स्वास्थ्यसँग सम्बन्धित औजारहरू लगायत तालिम र लजिस्टिक सपोर्ट उपलव्ध गराउने नीति लिइनेछ र यसलाई उत्पादनसँगै जोड दिइनेछ ।
- नेपाल सरकारको नीति अनुरुप वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गर्न भन्ने मूलनीतिका साथ सामूहिक कृषि तथा पशुपालन गर्न चाहेमा निश्चित अनुदान दिने नीति लिइनेछ ।
- मत्स्यपालक र कुखुरापालक कृषकहरूलाई निश्चित अनुदानमा माछाका भुरा तथा कुखुराको चल्ला वितरण गर्ने नीति लिईनेछ ।
- "आफ्नो लागि आफैं उत्पादन गरौं, तरकारीमा आत्मनिर्भर बनौं" र "एक घर एक करेशाबारी"भन्ने नाराका साथ तरकारीमा आत्मनिर्भर हुन आवश्यक नीति लिइनेछ ।
- आम लिखु तामाकोशी गाउँपालिकाबासीलाई स्वच्छ माछा मासु उपभोग गर्ने वातावरणको सुनिश्चितता प्रदान गर्नका लागि पशु बधशाला र मासु जाँच गर्ने ऐन, २०५५ को कार्यान्वयनमाआवश्यकपहल गर्ने नीति लिइनेछ । साथै मासु व्यवसायीहरूले गाउँपालिकाले तोकेको स्थानमामात्रै मासुको कारोवार गर्नको लागिप्रोत्साहन गरिनेछ ।
- कृषि उत्पादनको क्षेत्रमा गाउँपालिका आफैंले निश्चित स्थानको छनौट गरी सामुहिक व्यवसाय सञ्चालन गराई रोजगारीकोसिर्जना गरिनेछ ।
- पशुधन सुरक्षाको लागि नाम्ले जुका, जुम्रा, लुतो, जस्ता विभिन्न औषधीको आवश्यकतालाई पूर्ति गर्न पशु शिविर सञ्चालन गरिनेछ ।
- पशु नश्ल सुधार गर्नका लागि सबै वडाहरूमा बोयर जातको बीउँबोका, उन्नतजातको राँगातथा बङ्गुर वितरण गरिनेछ ।
- कृषिरोड संरक्षणका लागि वृक्षारोपणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- अर्गानिक खेती प्रणालीलाई प्रोत्साहित गरी विषाधिको प्रयोगलाई हटाइनेछ । एवम् आगामी आ.व.भित्र गाउँपालिकालाई अर्गानिक गाउँपालिका घोषणा गर्न जोडदार पहल गरिनेछ ।
- **एक वडा तह : एक पकेट क्षेत्र** भन्ने नीति लिई फलफूल तथा खाद्यबाली र नगदेबालीलाई विशेष प्रोत्साहनगर्दै विशेष गरी**टिमुर, ओखर**, किवी,**कागती**, अलैंची तथा जुनारसुन्तला र लिचीको उत्पादनमा जोड दिइनेछ ।यसका लागि सम्बन्धित विषय विज्ञ झिकाइ सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्र घोषणा गरिनेछ । कृषि योग्यभूमिको नियमित माटो परीक्षण, कृषकहरूलाई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकूल खेती गर्न एवम् उचित मात्रामा मल बिउँ प्रबन्ध मिलाउन र विषादिको प्रयोगलाई

निरुत्साहित गरी अर्गानिक खेती प्रणालीको प्रोत्साहन गर्न सङ्घीय सरकारद्वारा स्वीकृत दरबन्दी बमोजिम यसै आ.व.को सुरुमै यस गाउँपालिकामा रिक्त रहेका प्राविधिक कर्मचारी करार सेवामानियुक्त गर्ने नीति लिइनेछ । १ वडा १ कृषि तथा पशु सेवा प्राविधिकको व्यवस्था गरी कृषकहरूलाई सेवा प्रदान गरिनेछ ।

- परजिवी नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- लोपउन्मुख हुदै गएको पशु (बाख्रा तथा भेडा) पालनलाई प्रवर्द्धन गरिनेछ ।
- कृषि तथा पशु पालन क्षेत्रको विकासको लागि कृषकहरूलाई तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम संञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका स्तरीय कृषिउपज सङ्कलन केन्द्र स्थापना गरिनेछ । गाउँपालिकाको केन्द्र धोवीमा सञ्चालनमा रहेको डेरी व्यवस्थापन लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- नर्सरी प्रर्वद्धनका लागि १ वडा १ नर्सरी कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ साथै कृषिजन्य बोटविरुवाको आयत न्यूनिकरण गरिनेछ । स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ ।
- सङ्घीय सरकारको नीति बमोजिम भूमिको खोजी र प्रविधिको संयोजनमा कृषिभूमिको सदुपयोग गरी कृषिको व्यवसायिक उत्पादन बढाउन भूमिबैंकको स्थापना गरिनेछ । भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गरी करार, व्यावसायिक, सहकारी र सामूहिक खेती गर्न समुदायको समन्वयमा एकै प्रकारका बालीलगाउने व्यवस्था मिलाइनेछ ।

## (ख) पर्यटन

- पर्यटन क्षेत्रको टेवाका लागि गाउँपालिका क्षेत्रको पर्यटकीय सम्भावनायुक्त क्षेत्रको पर्यटन पूर्वाधार विकास विस्तार र संरक्षणमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका धार्मिक, सास्कृतिक, ऐतिहासिक सम्पदाको नियमित संरक्षण र प्रर्वद्धन गरिनेछ ।
- **एक वडा एक नमूना पर्यटकीय गन्तव्य** निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिकाको चिनारी/पहिचान प्रर्वद्धन गर्ने संघ संस्था, व्यक्ति वा कार्यक्रम आयोजकलाई प्रोत्साहन गरिनेछ ।
- **पर्या पर्यटनको प्रवर्द्धन : लिखु तामाकोशी गाउँपालिकाको संस्कृति सम्वर्द्धन** भन्ने मूल नाराका साथ सबै जातजाति कला भाषा, धर्म सस्कृति एवम् समुदायको रीतिथिति, रहनसहनलाई सम्मान गर्दै प्रोत्साहन गरिनेछ । साहित्य तथा कला क्षेत्रको विकासका लागि प्रर्वद्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- आदि कालदेखि बसोबास गर्दै आएका आदिबासी जनजाति लगायत विशेष जातजाति, समुदाय र सम्प्रदायको विशेष संस्कृति, चाडपर्व, रीतिरिवाज र परम्परालाई संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।
- भृङ्गेश्वर (कोटगाउँ), चिलाउने आइतबारे मन्दिर, ऐरम्बास, कालीदेवीस्थान (बिजुलीकोट र गोठगाउँ सीमाना), थलारी (बिजुलीकोट : सूर्यास्त हेर्न सकिने उच्च स्थान), गिद्धे डाँडा (सैपु) र त्रिपुरेश्वर गुफा (दुरागाउँ) दुरागाउँको कुपिन्डेमा हालसालै पत्ता लागेको तर नामाकरण भइ नसकेको खोज अनुसन्धाकै क्रममा रहेको गुफा तथा ५ नं. वडा नागदहको गिदानचौर पर्यटकीय स्थललाई पर्यटनमैत्री बनाउन

पूर्वाधारको विकास गरिनेछ । साथै गाइखर्केनीदेखि आइतबारे चिलाउने मन्दिर सम्मको केवलकारको लागि सम्भाव्यता अध्ययन गरिनेछ र वडा नं. ६ मा रहेको नर्वदेश्वर महादेव मन्दिर हुँदै क्षेताकुण्ड महादेव मन्दिरसम्म पर्यटकीय पदमार्ग निर्माण गरिनेछ । धोवीको खाराङखुरुङ गुफा पर्यटक प्रवर्द्धन र व्यवस्थित गरिनेछ ।

- आन्तरिक र बाह्य पर्यटकलाई सुविधा दिन उचित स्थानमा होटल, रेस्टुरा, पार्क, स्विमिङ पुल (खिम्ती, हलेदे), होमस्टे (**मानेडाँडा, नागदह, गिदानचौर**) निर्माण गरी सञ्चालन गर्न सङ्घीय सरकार, प्रदेश सरकारसँग स्थानीय सरकारले सहकार्य गर्नेछ र निजी क्षेत्र तथा सर्वसाधारण नागरिक समेतलाई सो कार्यका लागि प्रोत्साहन गरिनेछ ।
- . यस गाउँपालिकाको छिमेकी गाउँपालिका तथा नगरपालिकामा रहेका पर्यटकीय स्थल, धार्मिक स्थलसम्म आवतजावतका लागि सहज सडक सञ्जाल निर्माणका लागि निरन्तरता दिइनेछ ।
- वडा नं. १ दुरागाउँ स्थित झन्डीडाँडा समेत भनेर चिनिने दुरविन डाँडामा आ.व.२०७८/०७९ भित्रै दृश्यावलोकनका लागि भ्यु टावरको सम्भाव्यता अध्ययन तथा डि.पि.आर.गरी आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनका लागि सोलुखुम्बु, ओखलढुङगा, सिन्धुली, दोलखा र रामेछापका अधिकांश भूभाग तथा यस गाउँपालिकाको समग्र भू-भागको दृश्यावलोकन गर्दै भ्यु टावरसम्म पुग्ने पदमार्ग र विश्राम स्थल यसै जिल्लाको छिमेकी गाउँपालिका गोकुलगङ्गा गाउँपालिकासँगको साझेदारीमा समेत निर्माण गर्ने र पर्यटकलाई दृश्यावलोकन गराउने नीति लिइएको छ ।
- गाउँपालिकाको पर्यटकीय संभाव्यतालई उजागर गर्न तथा पर्यटन प्रवर्द्ध गर्न गाउँपालिका स्तरीय पर्यटन गुरु योजना तयार गरी प्रचार प्रसार गरिनेछ।
- पर्यटन प्रवर्द्धनका लागि पालिका क्षेत्रभित्र थप पर्यटकीय पदमार्ग निर्माण गरिनेछ।गिद्देडाँडा भ्यू टावर निर्माण एवं पिकनिक स्पटको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- राष्ट्रसेवक कर्मचारीको लागि संघले गरेको व्यवस्थालाई निरन्तरता दिदै गाउँपालिकाबाट समेत थप १० दिनको पर्यटन काजको व्यवस्था मिलाइनेछ।
- प्रत्येक वडामा होमस्टे संचालनको नीति अघि बढाइनेछ।
- आन्तरिक पर्यटकलाई आकर्षित गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।
- पर्यटन व्यवसाय सम्बन्धी विभिन्न कार्यक्रमहरु गरी हाम्रो लिखु राम्रो लिखुको पहिचानसाथ अघि बढने व्यवस्था मिलाइनेछ।
- शिव पुराणमा उल्लेखित बिजुलीकोट चुलीडाडाँलाई पर्यटकीय स्थलका रुपमा सम्भाव्यता अध्ययन गरिने छ ।

## (ग) उद्योग तथा वाणिज्य

- **एक घर : एक उद्यमी** नीति अवलम्बन गरी लघु उद्यम विकास मोडलमा नयाँ उद्यमीहरू निर्माण गर्ने नीति लिइनेछ ।

- गाउँपालिकाभित्र सञ्चालन हुने विभिन्न उद्योगमा आम नागरिकको शेयर लगानी गर्ने र त्यसको लागि पालिकाभित्र रहेका अति विपन्न गरिब परिवाहरूका लागि निश्चित प्रतिशत शेयर गाउँपालिकाले लगानी गर्ने नीति अवलम्बन गर्नेछ ।
- खनिजजन्य उद्योग सम्भाव्यताको खोज अनुसन्धानको लागि नेपाल सरकार र प्रदेश सरकारलाई अनुरोध गरिनेछ ।
- उद्यमीको स्तरोन्नति गर्नका लागि उनीहरूको आवश्यकता पहिचानको आधारमा पुनःताजगी एडभान्स सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा रहेका सम्पूर्ण स्लेट ढुङगा, तामाखानी, खरीखानी, मार्वलखानी (दुरागाउँ), तामाखानी ( काङवा, तिल्पुङ, ऐरम्बास, खिम्ती), एवम् फलामखानी (दुरागाउँ) लगायत अन्य खानीहरूको संरक्षण गरी रोजगारी सिर्जना गर्न खानीजन्य उद्योग प्रवर्द्धनको नीति अवलम्बन गरिनेछ ।

## (घ) सहकारी नीति

- शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारीसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा देहायका नीतिहरू अवलम्बन गरिनेछ ।
- सहकारी क्षेत्रको विकास, विस्तार र प्रबर्द्धनका लागि दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- सहकारी उद्योग व्यवसायको विकास, विस्तार र प्रवर्द्धनमा स्थानीय सरकार तथा विकास साझेदारहरूको सहभागितालाई प्रोत्साहित गरिनेछ।
- सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन पालिका भित्रका सम्बन्धित सरकारी निकाय तथा सहकारी संघ संस्थाहरूलाई प्रभावकारी ढङ्गले परिचालन गरिनेछ ।
- आम नागरिकहरूलाई सहकारी सम्बन्धी जनचेतना अभिवृद्धिका लागि स्थानीय निकाय, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, सञ्चार जगतका साथै सम्बद्ध सामाजिक संघ संस्थाहरू परिचालन गरिनेछ ।
- कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई श्रमिकहरूको स्वामित्व रहने सहकारी उद्योग व्यवसाय मार्फत रोजगारीको सिर्जना गर्न नीतिगत व्यवस्थाका साथै उपयुक्त कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- सहकारी उद्योग व्यवसायलाई स्वच्छ र वातावरणमैत्री बनाउन आवश्यक प्रविधिको उपयोगमा जोड दिइनेछ ।
- कृषि उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरण र कृषि सामग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरूको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक क्षेत्रका कलकारखाना, कृषि फर्म तथा बजार केन्द्रहरूको व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- कृषि, शिक्षा, स्वास्थ्य, उर्जा, बीमा, पर्यटन, सञ्चार जस्ता उत्पादन तथा सेवाका उद्योग व्यवसायमा सहकारी संघ संस्थाको लगानी र व्यवस्थापनलाई उत्प्रेरित गरिनेछ ।

- सहकारी क्षेत्रमा अनुसन्धान तथा विकासको कार्यलाई प्रोत्साहित गर्दै यस क्षेत्रमा नवीन प्रयोग तथा सम्भावनाका नयाँ क्षेत्रहरूको पहिचान गरिनेछ ।
- स्थानीय पूँजी, श्रम, सीप र साधनको परिचालन गरी ग्रामीण अर्थतन्त्रको विकास गर्न सहकारीमा आधारित कृषिसँग सम्बन्धित उद्योग व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।
- गरिबी निवारण कोष मार्फत सञ्चालित समूहहरुलाई वडास्तरमा सहकारी मार्फत एकीकृत गरी परिचालन गरिनेछ ।

## (ङ) वित्तीय क्षेत्र

- कोभिडको असर न्यूनीकरणका लागि वित्तीय सेवा प्रभावलाई व्यवस्थित रूपमा नियमन, सञ्चालन तथा वित्तीय क्षेत्रको स्रोत परिचालन गरिनेछ ।
- भुक्तानी प्रणालीलाई सुरक्षित आधुनिक र विद्युतीय प्रविधिमा आधारित बनाइनेछ ।
- बैक तथा वित्तीय संस्थालाई बाह्य पूँजी परिचालन गर्न प्रोत्साहित गरिनेछ ।
- लगानी तथा व्यापारलाई व्यवस्थित गर्न आवश्यक कानुन तर्जुमा गरिनेछ ।
- विभिन्न समूह मार्फत बचत तथा ऋणको कारोबार गर्ने स-साना समूहहरूलाई सहकारी संस्थामा दर्ता गर्न प्रोत्साहित गरिनेछ ।
- बैंक तथा वित्तीय संस्थाहरूको स्थापना गर्न आवश्यक सहजीकरण गरिनेछ ।
- बचत गर्ने प्रणालीलाई व्यवस्थित गर्न नयाँ बैंक खाता सञ्चालनका लागि आम नागरिकहरूलाई प्रोत्साहित गरिनेछ ।

# सामाजिक विकास

## (क) शिक्षा

- विद्यालय तहमा उत्कृष्ट नतिजा हाँसिल गर्ने आर्थिक रुपले विपन्न वर्गका छात्र-छात्राहरू, अपाङ्गता भएका र विपन्न दलित नागरिकलाई "पालिका स्तरीय छात्रवृत्ति कार्यक्रम" मार्फत प्रोत्साहन गर्नुका साथै उच्च शिक्षा हाँसिल गर्नका लागि छात्रवृत्ति उपलब्ध गराउने नीति अनुरुप "छात्रवृत्ति कोष" खडा गरिने छ ।
- दलित, जनजाती विपन्न, शहिद तथा द्वन्द्व पिडित परिवारका छोराछोरीहरूका लागि प्राविधिक शिक्षा अध्ययन गर्नका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- प्रतिकूल विषम परिस्थितिमा पनि वैकल्पिक प्रणालीबाट विद्यार्थी सिकाइ सहजीकरणलाई निरन्तरता दिदैं आधुनिक विश्व परिवेश अनुरुप शैक्षिक सूचना तथा प्रविधिमा पहुँच वृद्धि गर्न प्रत्येक सामुदायिक विद्यालयमा ईन्टरनेट सेवाको पहुँच विस्तार गरिनेछ ।
- ईन्टरनेट सेवाको विस्तार पश्चात् विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको संलग्नतामा विद्युतीय शिक्षण सामग्रीहरु उत्पादन तथा वितरण गरी अनलाइन शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।
- शिक्षासम्बन्धी स्थानीय नियमावली तथा कार्यविधिहरू निर्माण गरी कार्यान्वयन गरिने छ ।

- विद्यालय प्रशासनलाई व्यवस्थित गर्न प्र.अ. र वि.व्य.स.लाई परिस्थितिजन्य तालिम तथा विविध अन्तर्क्रियात्मक कार्यक्रममा सक्रिय रुपले सहभागि गराइने छ।
- शिक्षा शाखा र गाऊँ शिक्षा समितिको संयुक्त सहकार्यमा विद्यालय अनुगमन तथा सुपरीवेक्षणका माध्यमबाट शैक्षिक क्षेत्रलाई सुव्यवस्थित गरिने छ।
- विभिन्न शैक्षिक तालिम, सेमिनार तथा गोष्ठी मार्फत शिक्षकहरुलाई शिक्षण कलामा दक्ष र कौशल बनाइने छ।
- बाल विकास सहजकर्ताहरूको क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गर्नुका साथै बालशिक्षालाई रोचक, ज्ञानबर्द्धक बनाउन "एक विद्यालय एक बाल उद्यान" को अबधारणालाई अगाडि बढाइनेछ।
- पालिका भित्रका उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।
- विद्यार्थीहरुको प्रतिभा प्रष्फुटन गराउन विभिन्न किसिमका स्वच्छ रचनात्मक तथा सिर्जनात्मक कार्यक्रमहरू संचालन गरिने छ।
- पालिकास्तरीय खेलकुद सञ्चालन गर्न पालिकाभित्र खेलकुद संरचनाहरु निर्माण तथा सुदृढीकरण गरिने छन्।
- पालिकाको समग्र शैक्षिक गतिविधि बारे जानकारी दिन शैक्षिक क्यालेन्डर, बुलेटिन, स्मारिका जस्ता शैक्षिक सूचनामूलक सामग्रीहरू प्रकाशन तथा वितरण गरिने छ।
- शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन मार्फत शैक्षिक गुणस्तरमा सुधार ल्याइनेछ।
- संघीय सरकारको नीति तथा बजेट कार्यक्रमले तय गरेको पारिश्रमिक बमोजिम यस पालिका अन्तर्गतका बाल विकास तथा विद्यालय कर्मचारीहरुलाई पारिश्रमिक उपलब्ध गराइने छ।
- पालिका भित्र संचालन हुने विभिन्न परीक्षाहरुलाई व्यवस्थित गरिने छ।
- विद्यालयहरुलाई व्यवस्थित रुपमा संचालन गर्न मसलन्द खर्च वृद्धि गर्ने नीतिलाई निरन्तरता दिइने छ।
- "*प्राविधिक शिक्षा; २१औं शताब्दीको आवश्यकता*" भन्ने मूल नाराका साथ व्यवसायिक तथा प्राविधिक शिक्षालाई जोड दिँदै प्राविधिक धारका थप शिक्षालय स्थापना गर्नका लागि आवश्यक पहल गरिनेछ।
- प्राविधिक धार सञ्चालित शिक्षालयहरूमा आवासिय छात्रवासको अवधारणालाई अगाडि बढाइनेछ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकहरूको तालिमको व्यवस्था गर्नुका साथै विद्यालयको भौतिक संरचना मर्मत, सम्भार तथा निर्माणका साथै शुद्ध खानेपानी व्यवस्थापनका लागि पहल गरिनेछ।
- एक वडा एक मा.वि. सञ्चालन भन्ने नाराका साथ हाल सञ्चालनमा रहेका प्रस्तावित मा.वि.हरुलाई स्वीकृत गराई सोही अनुरुप दरबन्दी माग गर्न सम्बन्धित निकायसम्म समन्वय गर्नुका साथै हालसम्म कुनै पनि मा.वि. सञ्चालन नभएको वडामा मा.वि. सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाई बजेट व्यवस्थापन गरिनेछ।
- गाउँपालिका भित्र विगतदेखि क्याम्पस र प्राविधिक धार विद्यालय सञ्चालन भइरहेको भएता पनि गाउँपालिका केन्द्रमा रहेको झट्टेश्वर मा.वि.लाई भौगोलिकता र विद्यार्थी संख्यालाई मध्यनजर गरी क्याम्पस सञ्चालन प्रक्रिया अगाडि बढाउनुका साथै प्राविधिक शिक्षामा समेत बिस्तार गरिने छ।

- गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण विद्यालयहरुमा निजि शिक्षक समस्या समाधानका लागि शिक्षा विकास कोष खडा गरी पालिका स्तरीय शिक्षक दरबन्दी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।
- स्थानीय विषयवस्तु समेटी स्थानीय पाठेयक्रम निर्माण गरिने छ।

**(ख) युवा तथा खेलकुदः**

- संघीय र प्रदेश सरकारसँग समन्वय गरी पालिकाको केन्द्रमा पालिका स्तरीय खेलमैदान निर्माण गर्नुका साथै एक वडा एक खेलमैदान निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।
- युवाहरूलाई खेलकुद क्षेत्रप्रति आकर्षण गर्न पालिका स्तरीय खुल्ला खेलकुद प्रतियोगिताहरु संचालन गरिने छ।
- पालिका स्तरीय विद्यालय खेलकुद प्रतियोगिताहरु संचालन गरिने छ।
- समृद्ध राष्ट्र निर्माणमा युवाको भूमिकालाई मध्यनजर गर्दै युवा बेरोजगारलाई न्युनीकरण गर्न युवा स्वोरोजगार सम्बन्धी उद्यमशिलता, व्यावसायिक तथा सीपमूलक तालिमको व्यवस्था गर्नुका साथै युवा उद्यमीहरुलाई हौसला प्रदान गर्न सम्मान लगायत विभिन्न अनुदानका कार्यक्रमहरू सञ्चालन गरिने छ।
- खेलकुद क्षेत्रको विकासका लागि युवाहरूको सक्रिय संलग्नतामा गाँउपालिका स्तरीय खेलकुद विकास समिति स्थापित गरिनेछ।
- पालिका भित्र सञ्चालन हुने विकास निर्माणका कार्यहरूमा युवाहरूलाई परिचालन गरिनेछ।
- पालिकाहरुको सहकार्य र समन्वयमा संयुक्तरुपमा स्थानीय एफएम मार्फत वैकल्पिक पठनपठान कार्यलाई अगाडि बढाउन बजेट विनियोजन गरिनेछ।

**स्वास्थ्य**

- नयाँ भेरियन्ट सहितको कोभिड- १९ को सङ्क्रमण रोग रोकथाम नियन्त्रण तथा व्यवस्थापनको लागी थप क्वारेन्टाइन र आइसोलेसन अस्पताल मापदण्ड अनुसार पुरा गरी सन्चालन गरिने छ।
- स्वास्थ्य सुरक्षा सामाग्री खरिद तथा Antigen र Rt.PCR उपचारको दायरा बढाइने छ ।
- स्वास्थ्यकर्मिको मनोबल बढाउनको लागि बिमा र थप जोखिम भत्ता ( प्रोत्साहन भत्ता) खाई पाई आएको तलबको ५०% (प्रतिशत) २०७८ श्रावण देखी लागु हुने गरी कोभिड-१९ रोग नियन्त्रण नभए सम्मको लागी दिइने छ ।
- स्वास्थ्य संम्वन्धि स्थानिय ऐन नियमावली तथा कार्यविधि निर्माण गरिने छ ।
- अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट स्वास्थ्य क्षेत्रलाई व्यबस्थित गरिने छ ।
- विभिन्न तालिम मार्फत स्वास्थ्य कर्मिहरूलाई स्वास्थ्यमा दक्ष र कुसल बनाइने छ ।
- स्वास्थ्यमा दरबन्दी पूर्ति गर्न करार विज्ञापन गरी पद पूर्ति गरिनेछ ।
- खरिद मार्फत औषधि तथा स्वास्थ्य सामाग्री र प्रत्येक स्वास्थ्य संस्थामा इन्टरनेटको व्यवस्थापन गरिनेछ ।
- महिला स्वास्थ्य स्वांयम सेविकाहरूलाई प्रोत्साहन स्वारूप भत्ता को व्यबस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाको व्यवस्थापन र मर्मतमा जोड दिइनेछ ।

- स्वास्थ्यका सुचकहरूको प्रगती बढाउनको लागि स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम तथा तालिमहरू गरिने छ ।
- औषधि, सामाग्रि तथा खोप ढुवानि लाई व्यवस्थित गरिने छ ।
- One Heart World Wide सँग समन्वया गरी स्वास्थ्य सँस्थाको स्तर उन्नति गरिने छ ।
- दशैं, तिहार जस्ता लामो विदामा कामगर्ने कर्मचारीलाई प्रोत्साहन भत्ता दिइने छ ।
- बर्थिङ् सेन्टरमा कार्यरत नर्सिङ् कर्मचारीहरूले रात्रीकालीन समयमा काम गरेबापत रात्रीकालीन भत्ता दिइनेछ ।
- गाउँघर तथा खोप किल्निकमा काम गर्ने कर्मचारीहरूलाई फिल्ड भत्ता दिइनेछ ।
- DHIS2 को मासिक रिपोटिङ्को लागि सबै स्वास्थ्य संस्थामा इन्टरनेट र कम्प्युटर वा ल्याप्टपको व्यवस्था गरिनेछ ।
- गर्भवाती महिला र गर्भवाती महिलाको परिवारसँग बसी अन्तरकृया कार्यक्रम गरी 4th Protocal ANC Visti को दायरा बढाइनेछ ।
- पूर्ण खोपकोलागी FCHV लाई परिचालन गरी छुटेको खोपको समिक्षा गरी खोजपताल गरी खोपको दायरा बढाइने छ ।
- प्रत्येक स्वास्थ्य संस्थामा DHIS2 र HMIS को तालिम दिइने छ ।
- बाल एकिकृत तथा पोषण सेवाको व्यवस्था गरीने छ ।
- रिपोट, रिपोटिङ्को लागी सम्पुर्ण कर्मचारीहरूलाई तालिमको व्यावस्था र Cross जाँच गरीने छ ।
- प्रत्येक महिना Staff meeting लाई नियमितता दिई बिभिन्न विषयमा छलफल गरीने छ ।
- ANC & PNC Protocal अनुसार गर्भजाँचको दायरा बढाउनको लागी आमा सुरक्षा कार्यक्रमको गोष्ठी र तालिमको व्यबस्था गरीने छ ।
- परिवार नियोजन सम्बन्धि तालिमको व्यवस्था गरीने छ ।
- PNC Visit Protocal अनुसार गराउन PNC Kit सबै स्वास्थ्य संस्थामा उपलब्ध गराइने छ ।
- गाउँघर क्लिनिक तथा खोप क्लिनिक सञ्चालन गरिनेछ। साथै फिल्ड भत्ता दिने व्यवस्था मिलाइनेछ।
- मृत्यु संस्कार व्यवस्थापनको लागि गाउँपालिकामा शव बहानको समेत आगामि आ.व.२०७८/०७९ मा खरिद प्रक्रिया अगाडी बढाइनेछ।
- गाउँपालिका भित्रका बर्थिङ सेन्टरमा सुत्केरी हुने महिलालाई रु १ हजार सुत्केरी भत्ता दिइनेछ।
- गाउँपालिका भित्रको स्वास्थ्य संस्थामा प्रोटकल अनुसार ४ पटक गर्व जाँच गराएमा रु १ हजार थप सुत्केरी भत्ता दिइनेछ।

## (ग) लैंगिक समानता र सामाजिक समावेशीकरण

- **समावेशी विकास : समस्याको निकास** भन्ने नीतिलाई आत्मसात् गर्दै लक्षितवर्ग, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जनजाति,बालबालिका, जेष्ठ नागरिक कार्यक्रम शसक्तीकरणमा ध्यान दिँदै आयआर्जन, सीपमूलकविभिन्नकला र संस्कृति झल्किने कार्यक्रममा जोड दिइनेछ।
- दलित उत्थान कार्याक्रममार्फत परम्परागत लोक सस्कृति झल्किने पञ्चेबाजा लगायत सिपमूलक सामाग्री सातै वडा समेट्ने गरी दलित लक्षित कार्याक्रम ल्याइनेछ।

- लामागुरुहरुको धर्म, संस्कृति परम्परा र संस्कार झल्किने डम्फू, गुम्बा, ल्होसार कार्यक्रमा आदि पक्षहरु समेट्ने खालको कार्यक्रम ल्याइनेछ ।
- सुनुवार जातिहरुको परम्परागत चण्डी पर्व लगायत अन्य परम्परा झल्किने सातै वडा समेटी कार्यक्रम ल्याइनेछ ।
- मगर जातिहरुको धर्म, संस्कृति परम्परा र संस्कार झल्किने गरी सातै वडा समेटी कार्यक्रम ल्याइनेछ ।
- भुजेल, घर्ती जातिहरुको धर्म, संस्कृति परम्परा र संस्कार झल्किने गरी सातै वडा समेटी कार्यक्रम ल्याइनेछ ।
- क्षेत्रि ब्राह्मण जातिहरुको धर्म, संस्कृति परम्परा र संस्कार झल्किने गरी सातै वडा समेटी कार्यक्रम ल्याइनेछ ।
- अपाङ्गता हुने व्यक्तिहरुको परिचयपत्र वितरण कार्य सहज र सरल बनाई क्षमता र सीप विकासमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकसँगको ज्ञान, सीप र अनुभवलाई आत्मीकरण गर्न विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन साथै सम्मानकार्यक्रम गरिनेछ ।
- मूर्त-अमूर्त सांस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्द्धन कार्यक्रममार्फत गाउँपालिकाकालाई जिल्लाकै सांस्कृतिक धरोहरका रुपमाविकास गरिनेछ ।
- बालविवाह विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरेक वडामा रहेका आमासमूह सञ्जाललाई सक्रिय बनाई विभिन्न महिला लक्षित तथा उद्यमशील कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाको वडा नं १ देखि ७ सम्म विभिन्न आन्दोलनको क्रममा सहादत प्राप्त गरेका सहिदहरुको सम्मान स्वरुप आवश्कय योजना बनाउने नीति लिइनेछ ।

## खानेपानी तथा सरसफाइ

- गाउँपालिकाबासीलाई स्वच्छ खानेपानीको व्यवस्था गर्नका लागि पानीको मुहान संरक्षण तथा सुदृढीकरण गर्दै लगिनेछ । सबै नागरिकलाई खानेपानीमा पहुँच विस्तार गर्न आवश्यक योजना सञ्चालन गरिनेछ ।
- पालिकाभित्रका सबै सार्वजनिक निकायहरुमा सुविधा सम्पन्न शौचालय निर्माण गर्ने नीति लिइनेछ ।
- गत आ.व.हरुमा गाउँपालिकाले लिएको उज्यालो लिखु अभियान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरी आ.व. २०७८/०७९ का लागि **"एक घर एक धारा"** मूल नाराका साथ यस गाउँपालिकाको अधिकांश क्षेत्र र गाउँपालिकाबासीलाई समेट्ने गरी खानेपानी ट्याङ्की स्थापना, सञ्चालन एवम् व्यवस्थापन गर्न हिङ्गाखोला-ढाडखर्क मुहान हुँदै धोवीबजार-वडा नं. २ ३, ४ र ५ बृहद् खानेपानी योजनाको सङ्घिय सरकारबाट विनियोजित बजेट एवंम गाउँपालिकाको आवश्यक सहकार्यमा क्रमागत रुपमा कार्य सम्पन्न गरिनेछ ।
- यस **गा**उँपालिकाभित्रका प्रमुख बजार केन्द्र तथा सार्वजनिक जमघट र भेला हुने महत्वपूर्ण स्थानमा फोहोरमैला व्यवस्थापनका लागि डस्टबिनको व्यवस्था मिलाइनेछ ।

## पूर्वाधार विकास

- राज्य पुन:संरचनाका क्रममा बन्ने स्थानीय तह अन्तर्गत रहने विभिन्न निकाय तथा कार्यालयहरूको व्यवस्थापनका लागि आगामी आर्थिक वर्ष २०७८/०७९ भित्रै गाउँपालिकाको आफ्नै नाममा जग्गा प्राप्त गरी आवश्यक बजेटका लागि नेपाल सरकार, प्रदेश सरकार र यस स्थानीय सरकारको सहकार्यमा गाउँकार्यपालिकाको प्रशासकीय भवन निर्माण कार्य प्रक्रिया अगाडि बढाइनुका साथै वडा नं. २, ३, ५,६ र ७ नं. वडाको वडा कार्यालय भवन क्रमागत रुपमा निर्माण कार्य सम्पन्न गरिनेछ ।
- दुरागाउँ थापाडाँडा खापिङ पैयुखोला मोड हुँदै होपिना भिरखर्क भुजी (उमाकुण्ड) जोड्ने सडक र दिलौरी सहिदस्मृति वडा कार्यालय ढाँडे जोड्ने सडक स्तरोन्नती गरिनेछ ।
- आगामी आर्थिक वर्ष २०७८/०७९ भित्र यस गाउँपालिकाको भूउपयोग नीति तयार गरी सोही अनुरुप विकास निर्माण तथा सहरीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ मा व्यवस्था भए बमोजिम घरमा सेफ्टी ट्याङ्की निर्माण र जडान भएका तथा तोकिएको सडक क्षेत्राधिकारको जग्गा पुग्ने गरी सडकको चौडाइ भए पश्चात मात्र घरलाई निर्माण सम्पन्न प्रमाण पत्र दिने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ । साथै गाउँपालिकाले लागू गरेको यातायात गुरुयोजना (Municipal Transportation Master Plan - MTMP) अनुसार निर्माण तथा विस्तार भएका वा हुने सडकमा अवरोध खडा गरी क्षति पुगेमा सोको क्षतिपूर्ति सम्बन्धित व्यक्ति, पक्ष, निकाय वा घरपरिवारबाट असुल उपर गर्ने नीति कडाइका साथ लागू गरिनेछ ।
- सङ्घीय सरकार, पूर्वाधार विकास साझेदारी कार्यक्रम तथा प्रदेश सरकारको सहयोग तथा स्थानीय सरकारको सहकार्यमा गाउँपालिका जोड्ने मुख्य सडकहरू हलेदे-धोवी-सिरिसे-ढाँडे र धोवी-दिलौरी-सैपु-दुरागाउँ जोड्ने सडक ग्राभेल तथा कालोपत्रे गर्ने कार्यलाई विशेष पहल गर्नुका साथै उक्त सडकहरु कालो पत्रे गर्ने क्रममा साझेदारीमा विनियोजन गर्नु पर्ने बजेट विनियोजन गरी कार्य सम्पन्न गरिनेछ ।
- अत्यन्तै सामरिक महत्व रहेको गाउँपालिकाको केन्द्र, धोवीबजार र छिमेकी दुई नगरपालिकाहरु क्रमशः रामेछाप-सालु-कुकुरकाटेभन्ज्याङ-खरानेटार-काङबा-चित्रेचौतारा-धोवी र मन्थलीबाट कठजोर-ऐरमबास-काङवा खत्रीडाँडा हुँदै धोवीदेखि विकटमा रहेको दुरागाउँसम्म जोड्ने आ.व.२०७६/०७७ मा सुरु गरिएको सडक चौडा तथा विस्तार कार्यलाई विशेष जोड र निरन्तरता दिई बाह्रै महिना ठूला सवारी साधन समेत चल्न सक्ने गरी स्तरोन्नतिको कार्यलाई तीव्रता दिइनेछ ।
- खिम्ती-शिवालय-धोवीसडक, छाँगा-तिल्पुङ-कटहरे-बोहोरागाउँ-बाँसबोटे-गैरी-धोवी सडक, धोवी स्वास्थ्यचौकी हुँदै भाङटार-चित्रेचौतारा सडक र दिलौरी-जगमाने-सानापानी-खापिङ-वडाकार्यालय सडक,भालुखोप गहते सडक , कोटगाउँ बरबोटे रात्माटा सडक,डिही तिल्पुङ ताप्के सडक र झाकीडाडाँ नाम्थली फर्पु सडक, जग्माने फेदी बासे सडक एवम् धोबी गिद्दे कान्ले नोप्रा सडक स्तरोन्तति तथा आवश्यता अनुसार कालोपत्रे गर्ने पहल गरिनेछ ।
- छनौट तथा तर्जुमा गरिएका लिखु तामाकोशी गाउँपालिकाका गौरवका आयोजनाहरू बोलपत्र (टेन्डर) आव्हान गरी कार्यान्वयन गरिनेछ । साथै सङ्घीय र प्रदेश कानुन तथा सार्वजनिक खरिद ऐन बमोजिम १ करोड भन्दा मुनिका योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गरिनेछ ।

- हाल भइरहेका सडकहरूको स्तरोन्नति गरिनेछ भने वाताव  रण संरक्षण तथा विपद् व्यवस्थापनका दृष्टिले नयाँ ट्र्याक खोल्ने कार्यलाई अत्यावश्यक बाहेक निरुत्साहित गरिनेछ ।
- हरेक समुदाय मृत्यु संकारलाई व्यवस्थित गर्न सातै वडामा शवदाह घाटघर निर्माण गरिनेछ । उक्त घाटघरसम्म सडकबाटो पुर्याइनेछ ।
- लिखु खिम्ती र तामाकोशी नदी किनारहरुमा आवश्यताअनुसार तटबन्ध निमार्ण कार्य गरिनेछ ।

## सिंचाई

- सिंचाई व्यवस्था नभएका खेतीयोग्य जमिनहरुको वर्गीकरण गरी आवश्यक ठूला साना सिंचाई कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिकाबाट सिंचाईको लागि स्रोत नपुग भएमा समपुरक अनुदानको व्यवस्था गरी वा विशेष अनुदान कार्यक्रम अन्तर्गत प्रदेश सरकार र सङ्घीय सरकारसँग अनुदान माग सिंचाईको योजना प्रारम्भ गरिनेछ ।
- कुलो सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाई र प्लाष्टिक पोखरी निर्माण मार्फत सिंचाई कार्यलाई व्यवस्थित गरिनेछ ।

### भवन तथा सहरी विकास

- अति विपन्न परिवारको पहिचान गरी घरविहीन परिवारको लागि जनता आवास कार्यक्रम तथा गरिवसँग गाउँपालिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकीकृत बस्ती विकासको लागि सबै वडाको सम्भाव्यता अध्ययन गरिनेछ ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वन, वातावरण, जलवायु तथा भूसंरक्षण

#### (क) वन

- यस गाउँपालिका अर्न्तगत वन, वन्यजन्तु, पशुपंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।
- नदी नियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, वन फडानी नियन्त्रण, वन्यजन्तु चोरी निकासी नियन्त्रण, वन पैदावार नियन्त्रण, वृक्षारोपण कार्यक्रम, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ । साथै नागरिकले दैनिक उपभोग गर्ने दाउरा, घाँस कटानीमा सहजीकरण गर्ने नीति लिइनेछ ।
- जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्यररत विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरी जलवायु अनुकुलन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ । बाढी पहिरो भू-क्षयलाई न्यूनीकरण गर्न बायो इन्जिनियररिङ्गको प्रविधि अङ्गिकार गरिनेछ ।

- नदी कटान र भू-क्षयको खतरा हुने स्थानको पहिचान गरी ढुङ्गा, वालुवा र गिटी लगायत उत्खनन् गर्ने कार्यमा बन्देज लगाइनेछ साथै उक्त क्षेत्रको वृक्षारोपण तटबन्ध निर्माण गर्ने कार्यमा संघ र प्रदेशको सहयोग लिइनेछ ।
- समृद्धिको लागि वन कार्यक्रम प्रभावकारी बनाउन जडिबुटी उत्पादन मार्फत जडिबुटी खेतीको सम्भाव्यता अध्ययन गरी व्यावसायिक जडिबुटी खेती गर्न प्रोत्साहन गरिनेछ ।
- **एक सामुदायिक वन, एक वन उद्यम** रणनीति अनुसार हरेक सामुदायिक वन उपभोक्ता समूहमा वन उद्यमविकास कार्ययोजना बनाई लघु, सानो तथा मझौला प्रकारका वन उद्यमको विकास गरी हरित रोजगारी प्रवद्धन गरिनेछ ।
- **एक सामुदायिक वन एक उद्यान, एक पानीपोखरी**को अभियान सञ्चालन गरी पर्यापर्यटनमा टेवा पुग्ने गरी जैविक विविधताको संरक्षण गरिनेछ ।
- सडक, नदी, किनारा, सार्वजनिक स्थान र प्रत्येक निजी घरधनीले वार्षिकरुपमा कम्तिमा एक विरुवारोपण कार्यलाई प्रवर्द्धन गर्दै पालिका हरियाली कार्यक्रम सञ्चालनका लागि आवश्यक नर्सरी स्थापना गरी फलफुल, पुष्पजन्य, वनजन्य, जडीबुटी र कृषिवाली जन्य विरुवा उत्पादन गर्ने व्यवस्था गरिनेछ ।
- वन पैदावारको संकलन, ओसारपसार र बिक्री वितरण प्रक्रियालाई सरल, पारदर्शी बनाउन समूह, सहकारी र निजी क्षेत्रको समन्वयमा वन पैदावार बिक्री केन्द्र सञ्चालन गरी वन पैदावारको बजारीकरणको व्यवस्था मिलाइनेछ ।

## (ख) जलाधार संरक्षण

- पानीका मुहानहरुको संरक्षण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- एक वडा एक पोखरी अभियान सञ्चालन गरी Water Ground Recharge तथा जलाधार संरक्षणको कार्यलाई निरन्तरता दिइनेछ

## (ग) फोहोरमैला व्यवस्थापन

- हरेक वडाका टोल बस्तीहरुमा फोहोरमैला विसर्जन स्थल निर्माण कार्यलाई प्रभावकारी बनाइने छ ।
- कुहिने र नकुहिने फोहोर छुट्याई कुहिने फोहोरबाट जैविक मल बनाउन प्रोत्साहन गरिने छ ।
- प्लास्टिकजन्य बस्तुहरुको आयत न्युनिकरण कार्यक्रम गरिने छ ।

## (घ) विपद व्यवस्थापन

- विपद व्यवस्थापनसँग सम्बन्धित ऐन, कानून, कार्यविधी निर्माण गरी कार्यन्वयन गरिनेछ ।
- विपद व्यवस्थापन कोषमा आवश्यक रकम थप गर्दै लगिनेछ ।
- विपद व्यवस्थापनको पूर्व तयारीमा आवश्यक सामाग्री, औजार, उपकरण, खरिद गरी विपद व्यवस्थापन समिति मार्फत प्रयोगको लागि व्यवस्था गरिनेछ ।

## संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

- मध्यम अवधिको खर्च संरचना(MTEF) निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- बालमैत्री स्थानीय शासनमा जोड दिनुका साथै सेवा प्रवाहका कममा फरक क्षमता भएका व्यत्तिहरुलाई विशेष सहुलियत र ग्राह्यता दिईनेछ ।
- बालविकास सहयोगी कर्मचारी र विद्यालय कर्मचारी लगायतको प्रोत्साहानका लागि सेवा सुविधा सम्बन्धी आवश्यक पहल गरिने छ ।
- सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्बन गरि द्रुत सेवा र प्रभावकारी अभिलेख व्यवस्थापनमा ध्यान दिईनेछ ।
- सेवामैत्री संरचना तथा सेवाग्राहीमैत्री व्यवहार मार्फत गुणस्तरीय सेवा प्रवाहलाई मुल मन्त्रका रुपमा अवलम्बन गरिनेछ ।
- सबै वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुबाट सम्पादन हुने कामहरु एकीकृत रुपमा गाउँपालिकाबाटै एउटै सर्भरबाट नियन्त्रण र अनुगमन हुने व्यवस्था गरिनेछ ।
- सामाजीक परिक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- सामाजिक  न्याय कायम हुने गरि मानव अधिकारको उपयोग, सम्मान, संरक्षण र प्रर्वद्धन गरिने छ ।
- गाउँपालिकामा अनुशासित, न्यायिक समानतामुलक र मानवअधिकार मैत्री शासन प्रणाली लागु गर्न जोड दिईनेछ ।
- गाउँपालिका भित्रका सार्वजनिक निकायबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहिको मूल्याङकन गरि दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- भ्रष्टचारजन्य कियाकलाप प्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुती प्रदान गरिनेछ ।
- चालु खर्च कटौती र मितव्ययीतालाई ध्यान दिईनेछ ।
- आम्दानी र खर्चको अभिलेखिकरणलाई व्यवस्थीत गर्न आन्तरीक लेखा परिक्षणलाई प्रभावकारी बनाईनेछ ।
- खरिद योजना निर्माण गरिनेछ साथै खरिद, दाखिलालाई सफ्टवयेर मार्फत व्यवस्थीत गरिनेछ ।
- बेरुजु कम गर्नका लागि विधि, प्रक्रिया र गुणस्तरीयतामा विशेष जोड दिईनेछ र बेरुजु फर्सौटका लागि लेखा समिति मार्फत अध्यन गरि बेरुजु अध्यावधिक विवरणलाई गाउँसभामा प्रस्तुत गरिने र फर्सौटका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।
- गाउँपालिकाको कार्यालय, वडाकार्यालय तथा विषयगत शाखा वा इकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधिमैत्री बनाइनेछ । त्यसको लागि आवश्यक कागजात, लाग्ने समय, प्रक्रिया र दस्तुर समेतको जानकारी हुने गरी मोबाइल एप्सको निर्माण गरिनेछ । यस्तो एप्सलाई गाउँपालिका सम्बन्धी जुनसुकै जानकारी प्राप्त गर्न सकिने स्रोतका रूपमा स्थापित गरिनेछ ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, तेस्रो पक्ष अनुगमन, सामुदायिक स्कोर कार्ड जस्ता विधिहरूको प्रयोग गरी सुशाासन अभिवृद्धि गरिनुका साथै भ्रष्टाचार विरुद्धको शून्य सहनशीलतामा जोड दिइनेछ ।
- आवश्यक स्थानहरूमा एकीकृत घुम्तिसेवा समेत सञ्चालन गरिनेछ ।

- उपभोक्ता समितिलाई योजना सम्पन्न गर्न गराउन अपनाउनु पर्ने विधि, प्रक्रिया लगायतका सम्पूर्ण विषयमा जानकारी हुने गरी प्रारम्भमै तालिम दिने व्यवस्था मिलाइनेछ । उपभोक्ताहरूले बुझ्ने गरी लगत इस्टिमेट तयार पार्ने व्यवस्था मिलाइनेछ। अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- वेभसाइट, अडियो-भिजुअल सूचना पाटी तथा नागरिक वडापत्रको उपयोगलाई प्रभावकारी बनाइनेछ।
- वित्तीय तथा आर्थिक अनुशासन कायम गर्न र छिटो छरितो सेवा प्रवाह गर्न प्रशासनिक क्रियाकलापमा प्रविधिको प्रयोगमा जोड दिइनेछ। लेखा, राजस्व, जिन्सी तथा जनशक्ति व्यवस्थापन लगायतका कार्यलाई समेत सफ्टवेयरमा आधारित बनाइनेछ ।
- स्क्यानर सहितको कलर प्रिन्टर प्रत्येक वडाकार्यालयसम्म पुऱ्याई भरपर्दो इन्टरनेट सुविधा विस्तार गरी सम्पत्ति कर, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा वितरण, दर्ता नवीकरण लगायतका कार्यहरूलाई वडास्तरबाटै अनलाइन सिस्टममा लगिनेछ ।
- पुराना घटना दर्ता सुरक्षित गर्नका लागि डिजिटाइजेसन गरिनेछ। घटना दर्ता गर्न कोही नछुटुन् कोही नदोरियुन् भन्ने उद्देश्यका साथ घटना दर्ता र सामाजिक सुरक्षामा पहुँच पुऱ्याउन सञ्चार तथा वडा वडामा घटना दर्ता शिविर सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको वेभसाइटलाई सम्पूर्ण सूचना प्राप्त गर्न सकिने थलोका रूपमा विकास गर्नुका साथै गाउँपालिका तथा वडाकार्यालय समेतको फेसबुक पेज निर्माण गरी सूचना सम्प्रेषणमा जोड दिइनेछ।
- कर्मचारीको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । विज्ञ झिकाइ कर्मचारी तथा जनप्रतिनिधिहरूलाई सेवाग्राहीमैत्री बनाउन उत्प्रेरणात्मक तथा सकारात्क सोच र समृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- गाउँपालिकाका सबै कार्यालयहरूलाई डिजिटालाइज्ड गर्ने गरी तयारी गरिनेछ।
- सम्पत्ति कर सम्बन्धी व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाका सबै वडा तथा कार्यालयहरूमा सुझाव पेटिका, नागरिक वडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहीहरूलाई सहज रूपमा सेवा लिनका लागि कार्यालयमा स्थापना गरिएको सहायता कक्षलाई अझै सशक्त बनाइनेछ।
- न्यायिक समिति अन्तर्गत गठित मेलमिलाप केन्द्रहरूलाई नियमानुसार छिटो छरितो ढङ्गले सेवा प्रदान गरिने नीति लिइनेछ।
- जनप्रतिनिधि र कर्मचारीहरुलाई वित्तिय शुसासन सम्बन्धी तालिम प्रदान गरि क्षमता अभिबृद्धि गरिनेछ ।
- आयोजना सम्बन्धी वार्षिक गुरु योजना निर्माण गरि समयमा नै आयोजनाको कार्यान्वय अगाडि बढाईनेछ ।
- विषयगत कार्यालयका कर्मचारीहरुका लागि सम्बन्धित क्षेत्रको दक्षता अभिबृद्धि हुने खालका क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- निर्वाचित जनप्रतिनिधी, सेवा प्रदायक कर्मचारी तथा आम जनताको क्षमता विकास सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई प्रोत्साहन तथा क्षमता विकासका तालिम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाले चार वर्षमा गरेका विकास निर्माण तथा सेवा प्रवाहा सम्बन्धी कामको मुल्याङकनका लागि स्वमुल्याङकन तथा तेस्रो पक्षबाट मुल्याङकन गरि विकास र सेवा प्रवाहालाई प्रभावकारी बनाइने छ साथै जनता संग जनप्रतिनिधि कार्यक्रम, रेडियो तथा टेलिभिजनमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरि वार्षिक बुलेटिन प्रकाशन गरिनेछ ।
- प्रत्येक आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिहरुलाई योजनाको सुरुमा अभिमुखिकरण र योजनाको अन्तमा अनिवार्य खर्च सार्वजनिक गर्ने व्यवस्था लागु गरिनेछ ।
- आयोजना सञ्चालन गर्नु पुर्व सञ्चालन भइरहेको अवस्थामा र सम्पन्न पश्चात गाउँपालिका र वडा स्तरबाट अनुगमन गरिनेछ ।
- उपभोक्ता समितिबाट निर्माण कार्यलाई छिटो, सजिलो र गुणस्तरीय बनाउनको लागि खानेपानी आयोजना र भवन निर्माण जस्ता योजनाको लागि नियमानुसार पेश्कि उपलब्ध गराइने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सातवटै वडामा सञ्चालन गरिनेछ ।
- विषयगत शाखाहरुको वार्षिक बजेट विषयगत समितिहरुबाट समेत अनुमोदन गराईनेछ ।
- अन्य गैर सरकारी संस्थाहरु संग कार्यक्रमको प्रकृति हेरी लागत साझेदारीमा सहभागी गराईने छ ।
- नेपाल सरकार, गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अर्न्तगत यस गाउँपालिकामा एम.आई.एस अपरेटर र फिल्ड सहायक पदमा कार्यरत कर्मचारीहरुका लागि आ.व. २०७८।७९ बाट लागुहुने गरि एक चौमासिक बराबरको पारिश्रमिक रकम, पर्व भत्ता तथा पोसाक भत्ता यसै गाउँपालिकाबाट उपलब्ध गराईनेछ । सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना संग आवश्यक साझेदारी गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण, पञ्जिकरण तथा घटना दर्ता अनलाइन प्रणालीबाट सञ्चालन तथा व्यवस्थित गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिका अन्तर्गतको कर्मचारी व्यवस्थापनका लागि आवश्यक कार्यविधि, मापदण्ड बनाइ कार्यान्वयन गरिने छ ।

**<u>सूचना तथा संचार प्रविधिः</u>**

- यस गाउँपालिका क्षेत्रका बासिन्दालाई सहजरुपमा संचार सुविधा पुर्याई सबैको पहुचमा इन्टनेटको सुविधा पुर्याउन विभिन्न साझेदारहरुको पहिचान गरी आवश्यक कार्य अगाडि बढाइनेछ । गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुमा अनिवार्य इन्टरनेट जडान गरिनेछ ।
- गाउँपालिका तथा इन्टरनेट पुगेका वडा कार्यालयमा अनलाइन राजश्व प्रणालीको सुरुवात गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

राजश्व प्रशासनलाई थप प्रभवकारी र प्रविधिमैत्री कर्मचारीहरु तथा जनप्रतिनिधिका लागि थप तालिमका साथै प्रविधि सुधार तथा क्षमता विकासमा लगानि गरिनेछ ।

- पञ्जिकरण तथा घटना दर्ता अनलाइन प्रणालीबाट सञ्चालन गरी प्रमाण पत्र प्रदान गरिने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका, वडा कार्यालय तथा सम्पूर्ण कार्यालयहरुमा भएका अधिकतम कार्यहरुलाई कम्प्युटर प्रणालीमार्फत व्यवस्थित गरिनेछ ।
- जनता सूसुचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयहरुको सम्पादित कार्यहरु, सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, चौमासिक प्रतिवेदन गर्ने कार्यहरुलाई मिडिया मार्फत सहकार्य गरी सूचना प्रवाह गरिनेछ ।
- गाउँपालिकाको सूचना अधिकारीको जिम्मेवारीलाई थप प्रभावकारी र जवाफदेही बनाउन आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका अन्तर्गत भौगोलिक अवस्थालाई मध्यनजर गरी टोलटालमा फ्री वाइफाइको व्यवस्था गरिनेछ ।

# आ.व. २०७८/०७९ को कूल बजेट

| लिखु तामाकोशी गाउँपालिकाको आ.व. २०७८/७९ को अनुमानित बजेट सिलिङ | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **बजेटको स्रोत/तह** | **स्रोत** | **आ.व. २०७८/७९ को बजेट सिलिङ** | |
| १ | संघिय सरकार | वित्तिय समानिकरण अनुदान | १३,२७,००,०००.०० | |
| २ | संघिय सरकार | शशर्त अनुदान | १९,९५,००,०००.०० | |
| ३ | संघिय सरकार | विशेष अनुदान | २,०८,००,०००.०० | |
| ४ | संघिय सरकार | राजस्व बाँडफाँड | ७,३७,५७,०००.०० | |
| ५ | संघिय सरकार | बाँडफाँडबाट प्राप्त जलविद्युत रोयल्टी | १,५०,००,०००.०० | |
| ६ | वागमती प्रदेश | वित्तिय समानिकरण अनुदान | १,१६,८४,०००.०० | |
| ७ | वागमती प्रदेश | शशर्त अनुदान | १,३७,२८,०००.०० | |
| ८ | वागमती प्रदेश | विशेष अनुदान | ३६,५०,०००.०० | |
| ९ | वागमती प्रदेश | समपुरक अनुदान | १,३४,४८,०००.०० | |
| १० | वागमती प्रदेश | राजस्व बाँडफाँड | १,९२,२४,२३४.०० | |
| ११ | लिखु तामाकोशी गाउँपालिका | गत बर्षको अल्या | १५,५०,००,०००.०० | |
| १२ | लिखु तामाकोशी गाउँपालिका | आन्तरिक श्रोत अनुमानित | ५०,००,०००.०० | |
| १३ | संघिय सरकार | आधारभूत अस्पताल निर्माण | १८,५०,६८,२००.०० | |
| १४ | संघिय सरकार | सामाजिक सुरक्षा भत्ता | ८,००,००,०००.०० | |
| **जम्मा रकम** | | | **९२,८५,५९,४३४.००** | |